श्री सचिव,
आर्थिक मामिला तथा योजना मन्त्रालय।

प्रदेश सरकार प्रदेश नं. ५ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बुटवल, नेपाल

कोरोना भाइरस (COVID-19) नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) (दोस्रो संशोधन) निर्देशिका, २०७७ स्वीकृत गर्ने विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. ३/६-२०७७ मिति २०७७।०४।२१ को प्रस्ताव प्र.मं.प.बै.सं. ११/२०७७, मिति २०७७।०४।२२ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा प्रदेश सरकार (मन्त्रिपरिषद्) ले देहायबमोजिम निर्णय गरेकाले सो अनुसार कार्यान्वयन हुन प्रदेश नं. ५, प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ३५ को उपनियम (२) बमोजिम अनुरोध गरेको छु-

<u>प्रदेश सरकारको निर्णय-</u>

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

२०७७।०४।२२

(तोयनारायण ज्ञवाली)
प्रमुख सचिव
प्रमुख सचिव

## कोरोना भाइरस (COVID-19) नियन्त्रण तथा उपचार कोष (स्थापना र संचालन) (दोस्रो संशोधन) निर्देशिका, २०७७

प्रदेश नं. ५ प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. ५ को प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "कोरोना भाइरस (COVID-19) नियन्त्रण तथा उपचार कोष (स्थापना र संचालन) (दोस्रो संशोधन) निर्देशिका, २०७७ रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. कोरोना भाइरस (COVID-19) नियन्त्रण तथा उपचार कोष (स्थापना र संचालन) निर्देशिका, २०७६ को दफा १२ मा संशोधनः- कोरोना भाइरस (COVID-19) नियन्त्रण तथा उपचार कोष (स्थापना र संचालन) निर्देशिका, २०७६ को दफा १२ मा रहेको "वि.सं. २०७७ असार मसान्तमा" भन्ने शब्दहरुको सट्टा "वि.सं. २०७८ असार मसान्तमा" भन्ने शब्दहरु राखिएका छन्।

सचिव